# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल सरकारबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १७ को उपदफा (१) बमोजिम नियुक्त सञ्चालक डा. सुवोध कुमार कर्णलाई नेपाल राष्ट्र बैंक, संचालक समितिको सदस्यको रूपमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ को उपदफा (१) मा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतका सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री दीपकराज जोशीले २०७५ वैशाख १६ गते पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।



पर्सा जिल्लाको बीरगञ्ज, आदर्शनगरमा जन्मनु भएका डा. कर्णले Monad University, Delhi बाट Banking विषयमा विद्यावारिधि गर्नु भएको छ । त्यस्तै उहाँ Chartered Accountant पनि हुनुहुन्छ । उहाँले Certified Management Accountant, Certified Professional Manager र Bachelor of Legislative Law को उपाधि समेत हासिल गर्नु भएको छ ।

हाल उहाँ South Asian Federation of Accountants - an apex body of SAARC को अध्यक्ष रहनु भएको छ । उहाँ The Institute of Chartered Accountants of Nepal (ICAN) को सन् २००८ देखि २००९ सम्म उपाध्यक्ष र सन् २००९ देखि २०१० सम्म अध्यक्ष रहनु भएको थियो ।

सञ्चालक डा. कर्णको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

**२०७५ वैशाख १६, आइतबार** **गभर्नरको कार्यालय**